नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
स्याङ्जा
प्रशासन फाँट

०६३-४२०१३३
फोन नं. ०६३-४२०२१०
फ्याक्स: ०६३-४२०२११
गण्डकी अञ्चल, नेपाल

पत्र संख्या :- ०७१/०७२
चलानी नं.:- २९२६
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०७१/७/२६

## विषय: जग्गा मुआब्जा बारेको सार्वजनिक सूचना

वालिङ नगरपालिकाले व्यवस्थित बसपार्क निर्माणको लागी जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम मुआव्जा दिई तपसिलका व्यक्तिहरुका नाममा रहेको वालिङ ३ र ५ स्थित मिर्दिबजार खरिवोट मुनि २०-१०-२-३ क्षेत्रफलको जग्गा अधिग्रहण गरेकोले सो ऐनको दफा १२ बमोजिम आजका मिति देखि उल्लेखित जग्गा वालिङ नगरपालिकाले कब्जामा लिनेछ र दफा २३ बमोजिम मालपोत कार्यालय, स्याङजाले लगत कट्टा गरी दफा २२ बमोजिम वालिङ नगरपालिकाको नाउमा स्वामित्व हस्तान्त्ररण समेत हुने कुरा सूचित गरिन्छ । उल्लेखित जग्गा अधिग्रहण गर्दा दफा १३ बमोजिम गठित समितिको मिति २०७१/७/२५ गते बसेको बैठकले दफा १६ को आधारमा निर्धारण गरेको रु. दुई करोड मुआब्जा रकम जिल्ला प्रशासन कार्यालय, स्याङजा मार्फत तपसिलका जग्गाधनीहरुले एकमुष्ट वा किस्ता बन्दीमा रु. दुई करोड मुआव्जा रकम प्राप्त गर्नु हुनेछ । सो मुआव्जा रकम निज जग्गा धनिहरुले दिनु भएको अधिकृत वारेस श्री विष्णुप्रताप खांण ठकुरी मार्फत वितरण हुने गरी निज विष्णु प्रताप खाण ठकुरी लाई बुझाईने व्यहोरा समेत जानकारीको लागि सूचित गरिन्छ । यसमा चित्त नबुझे वा अन्य हकदावी भए सम्बन्धित जग्गाधनि वा हक स्थापित हुने सरोकारवालाले दफा १८ बमोजिम नियमानुसार निवेदन वा उजुरी गर्नुहुन समेत जानकारी गराईन्छ । अन्यथा उल्लेखित वा प्रचलीत नियमानुसार भैजाने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपशिल:**

| क्र.स. | जग्गाधनीको नाम,थर | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | गोपाल बहादुर खांण | भिमबहादुर खांण | जयबहादुर खांण | वालिङ ५ |
| २ | ताराकुमारी मल्ल | ठगु मल्ल | हनु मल्ल | वालिङ ५ |
| ३ | नगेन्द्र ध्वज खांण | हर्क बहादुर खांण | ओमबहादुर खाण | वालिङ ५ |
| ४ | कूल ध्वज खांण | हर्क बहादुर खांण | ओमबहादुर खांण | वालिङ ५ |
| ५ | भेषबहादुर खांण | फन बहादुर खांण | ओमबहादुर खांण | वालिङ ५ |
| ६ | ख्यामेन्द्र ध्वज खांण | फन बहादुर ख्रांण | ओमबहादुर खांण | वालिङ ५ |
| ७ | अमृत कुमारी खांण | नर बहादुर खांण | जयबहादुर खांण | वालिङ ५ |
| ८ | जिंतेन्द्र ध्वज खांण | कोशिश बहादुर खाण | कुलबहादुर खांण | वालिङ ५ |
| ९ | पदमध्वज खांण ठकुरी | केशिश बहादुर खाण | कुलबहादुर खांण | वालिङ ५ |

भरतप्रसाद लुईटेल